संसारका मजदुर तथा उत्पीडित जनता एक होऔं !

मार्क्सवाद-लेनिनवाद-माओवाद- जिन्दावाद !

# क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल

## Revolutionary Communist Party of Nepal

केन्द्रीय समिति

Central Committee

पत्र संख्या/Serial No.

चलानी नं./Regd. No.

मिति : ....................................

पत्रकार बन्धुहरू,

तपाइँहरू मार्फत् आदरणीय जनसमुदाय !

हाम्रो क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल केन्द्रीय समितिको पाँचौं पूर्ण बैठक महासचिव कमरेड सीपी गजुरेलको अध्यक्षतामा २०८२ चैत्र १७ देखि १९ सम्म दाङको घोराहीमा सम्पन्न भएको छ । उक्त बैठकले गरेका निर्णयहरू सार्वजनिक गर्न यो पत्रकार सम्मेलन आयोजना गरिएको छ ।

१. विभिन्न ऐतिहासिक जनआन्दोलन, महान जनयुद्ध र राष्ट्रिय मुक्ति आन्दोलनमा सहादत प्राप्त गर्ने वीर-विराङ्गनाहरूप्रति हार्दिक श्रद्धाञ्जली, बेपत्ता योद्धाहरूको स्मरण र घाइते तथा अपाङ्ग योद्धाहरूप्रति सम्मान प्रकट गर्दै बैठकको सुरुवात गरियो ।

२. महासचिव कमरेड सीपी गजुरेलद्वारा बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गरियो र उक्त प्रतिवेदन माथि छलफल गरी त्यसलाई पारित गरिएको छ, जस अनुसार :

क) अन्तर्राष्ट्रिय राजनीतिक स्थितिको विश्लेषण गर्दै विश्वमाथि आफ्नो प्रभुत्व जारी राख्न अमेरिकी साम्राज्यवाद र इजरायलद्वारा इरानमाथि गरिएको संयुक्त सैन्य आक्रमणले दुनिया सामु युद्धपिपाशु साम्राज्यवादी चरित्र प्रदर्शन भएको छ । यसले साम्राज्यवाद र उत्पीडित राष्ट्र तथा जनताबीचको अन्तर्विरोधलाई अन्तर-साम्राज्यवादी अन्तर्विरोधतिर धकेल्दै छ ।

ख) राष्ट्रिय परिस्थितिको विश्लेषण गर्दै कठपुतली सुशीला सरकारको नेतृत्वमा आयोजित फागुन २१को निर्वाचनले फासीवाद उन्मुख बालेन्द्र सरकार निर्वाचित गरेको छ । दशकौं लामो साम्राज्यवादी पूर्वाभ्यास, जेन-जेड "विद्रोह", गौरी बहादुर कार्की नेतृत्वको छानवीन आयोग र साम-दाम-दण्ड-भेदको बलमा गराइएको चुनाव मार्फत् नेपालमा अमेरिकी साम्राज्यवादले बलियो पकड बनाएको छ । यस पूर्व नेपालमा दलाल तथा नोकरशाही पुँजीवाद मार्फत् साम्राज्यवादको उपस्थिति रहेकोमा हाल साम्राज्यवाद सिधै हस्तक्षेप गर्न आइपुगेको छ । यहाँ आएर राष्ट्रिय स्वाधीनताको समस्या प्रबल बन्न गएको छ । यस सन्दर्भमा राष्ट्रिय स्वाधीनताको रक्षाका लागि देशभक्त, वामपन्थी, क्रान्तिकारी जनवादी र क्रान्तिकारी कम्युनिस्ट पार्टी, समूह र व्यक्तित्वहरु एकजुट हुन आवश्यक छ ।

ग) हाम्रो पार्टीद्वारा गरिएको निर्वाचन बहिष्कार कतिपय कमीकमजोरीका बावजुद सामान्यतः सफल रहेको छ, जस अनुसार :

अ) कठपुतली सुशीला सरकारको साम-दाम-दण्ड-भेदका बावजुद मतदानमा जनताको सहभागिता निकै कम हुनु; आ) सातओटा मतदान केन्द्रका जनताले स्वतस्फूर्त बहिष्कार गरी मतपेटिका खाली पठाइदिनु; इ) पार्टीले आफ्नो स्वतन्त्र र क्रान्तिकारी पहिचान कायम गर्नु; ई) नेता तथा कार्यकर्ता र जनताको क्रान्तिकारी भावना, मनोबल र चेतनालाई ज्वारभाटाका विरुद्ध खडागरी झन धारिलो बनाउनु; उ) विभिन्न प्रचार-प्रसार, भण्डाफोर र जुझारु कार्यक्रम मार्फत् नयाँ जनवाद-वैज्ञानिक समाजवादको विकल्पलाई स्थापित गर्नु र विभिन्न क्रान्तिकारी घटकहरुसित मिलेर संयुक्त बहिष्कार आन्दोलन गर्नु यसका मापक रहेका छन् ।

३. पार्टीले राष्ट्रिय स्वाधीनताको मुद्दालाई प्रमुख बनाएर आगामी कार्यक्रम तय गरेको छ ।

४. पार्टीले यो बैठकबाट १३ बुँदे समसामयिक प्रस्ताव पारित गरेको छ, जुन यसैसाथ संलग्न गरिएको छ ।

मिति : २०८२ चैत्र २०

सुदर्शन

प्रवक्ता

सम्पर्क कार्यालय कुपण्डोल, सम्पर्क इमेल : rcp.nepal2023@gmail.com

Contact Office: Kupondole, Contact Email : rcp.nepal2023@gmail.com